## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०३-२०८१/०८२

मिति २०८१/०६/३० समय: दिनको १:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री दिनेश सारु | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८१/०६/३०** **वैठक संख्याः ०३-२०८१/०८२**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. वडा स्तरीय योजना कार्यान्वयन सम्बन्धमा।
३. विपद् राहत सम्बन्धमा।
   क) महादेव आ.वि., देवघाट-५
   ख) देवघाट-३, सुनिमाया गुरुङ- सुन्तलाबारी पहिरो क्षतिपुर्ति
   ग) सडक सरसफाइ विपद् कोष सम्बन्धमा
४. करार कर्मचारी म्याद थप सम्बन्धमा।
५. विपद् विद्युत पोल तार तान्दा लागेको खर्च भुक्तानी सम्बन्धमा।
६. वडा नं. १ वर्षा खोला नियन्त्रण विपद् कार्य गर्दा मेशीनको भुक्तानी सम्बन्धमा।
७. ठेक्का सम्बन्धमा।
८. रिटर्नी स्वंयमसेवक व्यवस्थापन सम्बन्धमा।
९. नर्सरी हेरालु व्यवस्थापन सम्बन्धमा।
१०. इन्जिनियर सेवा परामर्श म्याद थप सम्बन्धमा।

**निर्णयहरुः**

**गाउँ कार्यपालिकाको वैठकमा देहाय बमोजिमका निर्णयहरु सर्व सम्मत रुपमा गरियो।**

**निर्णय नं. १:** यस अघिका कार्यपालिका वैठकमा भएको निर्णयहरुको समीक्षा गरियो।

**निर्णय नं. २:** गाउँपालिका स्थित विभिन्न वडाहरुबाट संचालित हुने बडा स्तरीय योजना कार्यान्वयनका लागि दिपावली अगाबै सबै वडामा वडा स्तरीय योजना छनोट, कार्यान्वयन तथा संझौताका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरी पालिका र वडा कार्यालयको समन्वयमा वडा स्तरीय योजना संझौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:** मिति २०८१ साल आश्विन महिनाको १०, ११ र १२ गते आएको अविरल बर्षाको कारण वाढी पहिरोबाट क्षति भएको व्यक्ति, संस्था तथा स्थानका लागि विपद कोषबाट खर्च व्योहोर्ने गरी तपसिल बमोजिमको राहात उपलब्ध गराउने तथा भुक्तानी गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.स | क्षतिबाट प्रभावित | क्षतिको विवरण | उपलब्ध गराईने राहत |
|---|---|---|---|
| १ | महादेव आ.वि देवघाट-५ तनहुँ | विद्यालयको फर्निचर, अभिलेख तथा शौक्षिक सामाग्री वाढीबाट नष्ट | अत्यावश्यक सामाग्री खरिद गरी विद्यालयलाई उपलब्ध गराउने |
| २ | सुनिमाया गुरुङ | सुन्तला वारीमा पहिरो गई क्षति भएको | रु १५,०००।- उपलब्ध गराउने |
| ३ | सवै वडामा सडक सरसफाई | विभिन्न वडाका सडकहरु बर्षातका कारण क्षतिग्रस्त | सडक सरसफाई बापत लागेको खर्च विपद कोषबाट भुक्तानी गर्ने |

प्रमुख प्रशासकीय अधिकृत

तिल वहादुर थापा
अध्यक्ष

**निर्णय नं. ४:** देवघाट गाउवपालिकाको स्वीकृत दरबन्दीमा स्थायी कर्मचारीहरुको पदपुर्ति भएकोले र तलब भत्तामा पर्याप्त बजेट अभावका कारण पालिकाको आर्थिक भार कमगर्नुपर्ने आवश्यक देखिएकोले साविक देखि कार्यरत रहेका केही सेवा करारमा कार्यरत चौथो तहका कर्मचारीहरुको करार म्याद देहाय बमोजिम गर्ने निर्णय गरियो।

तपसिल

क. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा कार्यरत २ जना तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सेवा करारमा यस गाउँपालिकामा कार्यरत २ जना फिल्ड सहायक कर्मचारीहरुको म्याद २०८१ कार्तिक १ गते देखि थप नगर्ने निर्णय गरियो।

ख. साविक गाउँ विकास समितिको कार्यालयमा सेवा करारमा नियुक्त भई गाउँपालिका अन्तर्गत १ नं. वडा कार्यालय र ३ नं. वडा कार्यालयमा कार्यरत प्रशासन सेवाको चौथो तहमा सेवा करारमा कर्यरत २ जना कर्मचरीहरुलाई अन्तिम पटकका लागि २०८१ पौष मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** मिति २०८१ साल आश्विन ११ देखि १३ गते सम्म परेको अविरल बर्षाका कारण देवघाट-५ गोहीटार विद्युत ट्रान्समिटर सहित विद्युत पोल ढली विद्युत सेवा प्रवाह रोकिन गएको कारण त्रिशुली नदी माथिबाट विद्युत पोल र तार तान्नको लागि प्रयोग गरिएको ऱ्याफ्टिङ बोट, डोरी तथा उक्त कार्यमा खटिने कर्मचारी श्रमिकलाई खाजा खाना बापतको खर्च रकम विल वमोजिम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:** देवघाट गाउँपालिका वडा नं. १ स्थित बर्षा खोलाबाट हुनसक्ने विपद कार्यलाई नियन्त्रण गर्ने कार्यका लागि मेशिन प्रयोग गर्दा लागेको रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:** देवघाट गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका विषय शीर्षकमा ठेक्का प्रकृया अघि बढाउने निर्णय गरियो ।

क) देवघाट दासढुङ्गा वेणीसंगम चक्रवर्ती हर्दि पदमार्ग (ठिमुरा पुल देखि वेणीसंगम खण्ड)

ख) देवघाट गाउँपालिकाको आफ्नो क्षेत्र भित्र उत्पादन हुने स्थानीय उत्पादन (सुन्तलोजात फलफुल एवं अन्य वस्तु) को उत्पादनको ठेक्का व्यवस्थापन कार्य

**निर्णय नं. ८:** देवघाट गाउँपालिकामा सामी कार्यक्रम अन्तर्गत वेदेशिक रोजगारीमा रहेका र वैदेशिक रोजरागरमा जान चाहने व्यक्तिहरुलाई सूचना प्रदान गर्न एंव कार्यालयको अन्य जुनसुकै कामकाजमा लगाउनको लागि एक जना रिटर्नी स्वयंसेवकको आवश्यकता रहेकोले मिति २०८१/०७/०१ गते देखि लागू हुने गरी रिटर्नी स्वयं सेवकको पारिश्रमिक पाउने गरी साविक देखि उक्त पदमा कार्यरत श्री इन्द्रमाया आलेलाई करार संझौता गरी कामकाजमा लगाउने निर्णय गरियो।

**निर्णय नं. ९:** देवघाट गाउँपालिका वडा नं. ४ काफलडाँडा स्थित सुन्तलाजात नर्सरी हेरचार, संरक्षण तथा गोलमेलका लागि नर्सरी व्यवस्थापन समितिको सिफारिस एवं ४ नं. वडा समितिको निर्णय अनुसार देवघाट-४ निवासी श्री जोख बहादुर गुरुङलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको नम्स अनुरुप दैनिक ज्यालादारीमा कामकाज लगाउने निर्णय गरियो।

**निर्णय नं. १०:** देवघाट गाउँपालिकामा संचालित ठुला योजनाहरुको सम्बन्धमा आवश्यक राय परामर्श तथा निरीक्षणका लागि साविक देखि कामकाज गरिरहेका इन्जिनियर सन्देश दाहाललाई २०८१ चैत्र मसान्तसम्मका लागि सेवा परामर्श म्याद थप गर्ने निर्णय गरियो।

दिनेश सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष